नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# भूमि व्यवस्थापन तथा अभिलेख विभाग

बबरमहल, काठमाण्डौ

## घर जग्गा कारोबारमा संलग्न भएका कम्पनी प्रा. ली. (रियल स्टेट) संघ संस्थाहरुलाई वेरुजु फछ्र्यौट गर्ने गराउने सम्बन्धी जरुरी सूचना

प्रकाशित मितिः २०७६/११/१३

यस विभाग अन्तर्गत भूमिसुधार तथा मालपोत कार्यालयहरुको आ.व. २०६६/०६७ देखि २०७४/०७५ सम्मको घरजग्गा कारोवारमा संलग्न भएका कम्पनीहरु (रियल स्टेट), संघ, संस्थाहरुले बिभिन्न मालपोत कार्यालयहरुमा घरजग्गा निसर्ग गर्दा कारोवारको रकम आय विवरणमा समावेश गरी आन्तरिक राजस्व कार्यालयमा आयकर ऐन, २०५८ को अनुसूचि १ बमोजिम २५% ले कर दाखिला भएको प्रमाण पेश नभएको भनि वेरुजु उल्लेख भएको हुँदा आयकर समायोजन हिसाब पेश गर्ने अन्यथा १०% ले हुने पूँजिगत लाभकर अशुल गर्ने भनि महालेखा परीक्षकको कार्यालयबाट बेरुजु औल्याइएको हुँदा सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरुमा घरजग्गा कारोवारको रकम सहित आय विवरण पेश गरि कर समायोजन भएको प्रमाण यो सूचना प्रकाशित भएको मितिले १ (एक) महिना भित्र मालपोत कार्यालयहरुमा पेश गरी आ-आफ्नो संस्थाको नाममा रहेको वेरुजु फछ्र्यौट गर्नु गराउनु हुन अनुरोध छ। साथै, उल्लेखित समयावधी भित्र वेरुजु फछ्र्यौटका लागि उल्लेखित प्रमाण कागजात पेश नभएमा सम्बन्धित कम्पनी, संघ संस्थाको नाम नामेसी सहितको बिस्तृत विवरण प्रकाशन गरेर घरजग्गा सहित कारोवार रोक्का गरि प्रचलित कानून अनुसार वेरुजु फछ्र्यौट गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।